जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १२५ २०७८ साल मंसिर २७ गते सोमबार (13 Dec. 2021 Monday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेस १४ औं महाधिवेशन : मत माग्न३ पृष्ठमा : धनुषामा रासायनिक मलको.. ३ पृष्ठमा : साउदी अरेबियाको सेनाका..

# पुस १ देखी ५ सम्म विद्युत महसुल काउन्टर बन्द रहने

**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

नेपाल विद्युत प्राधिकरणले देशभरका सबै विद्युत महसुल काउन्टर पुस १ देखि ५ गतेसम्म पाँच दिनका लागि बन्द गर्ने भएको छ ।

प्राधिकरणले समायोजन भएको विद्युत महसुलको बिलिङ प्रणाली मिलाउन महसुल संकलन हुने काउन्टरहरू बन्द गर्न लागेको नेपाल विद्युत प्राधिकरण बितरण शाखा राजविराजका प्रमुख मधुसुदन यादवले जानकारी दिएका छन् ।

परिवर्तित नयाँ विद्युत महसुल दरको एम-पावर बिलिङ प्रणाली लागु गर्न त्यसको अद्यावधिक गर्नु पर्ने हुँदा काउन्टरबाट दिइने सेवा अवरूद्ध हुने उनले जनाए ।

एम-पावर बिलिङ प्रणाली लागु गर्न तथ्यांकको अद्यावधिक गर्ने कार्य पूरा भएपछि ५ गतेदेखि सबै वितरण केन्द्रका महसुल काउन्टरहरूबाट नियमित सेवा सुचारु हुने प्राधिकरणले जनाएको छ ।

विद्युत नियमन आयोगको गत कात्तिक ८ गते विद्युतको महसुल दर समायोजन गरेको थियो । आयोगले सबै वर्गका ग्राहकले लाभ पाउने गरी विद्युत महसुल समायोजन गरेको थियो ।

समायोजित महसुल दर मंसिर महिनाबाट लागु भएको छ । प्राधिकरणले पुस महिनामा ग्राहकलाई समायोजन भएको दर अनुसार खपत भएको विद्युत महसुलको बिल दिनेछ ।

# प्रदेशका २० जना महिला खेलाडी बन्द प्रशिक्षणमा



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताका लागि प्रदेश २ को महिला क्रिकेट छनोटमा २० जना खेलाडी बन्द प्रशिक्षणमा परेका छन् ।

मंसिर २० गते देखि राजबिराजमा सप्तरी क्रिकेट संघको आयोजनामा संचालित प्रदेश स्तरिय महिला क्रिकेट छनोट प्रतियोगिताबाट ती खेलाडीहरुको छनोट गरिएको हो ।

प्रदेश २ का ५ जिल्ला सम्मलित छनोट प्रतियोगितावाट साना प्रविण, अलिसा यादब, प्रिंयका गुप्ता, सिवानी साह, प्रतिमा साह, सरस्वति चौधरी, अनुराधा चौधरी, संतोषी चौधरी, आरती चौधरी रहेका छन ।

यसैगरी मेलिना रायमाझी,

***बाँकी अन्तिम पृष्ठमा***

# आदिवासी जनजाती पत्रकार महासंघको नयाँ जिल्ला कार्यसमिति चयन



**दैनिक समाचारदाता**
**राजविराज, २६ मंसिर ।**

नेपाल आदिवासी जनजाती पत्रकार महासंघ सप्तरीको अध्यक्षमा भगवती प्रसाद चौधरी चयन भएका छन् ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ सप्तरीको शनिबार सम्पन्न तेस्रो जिल्ला अधिवेशनबाट अध्यक्ष चौधरीको अध्यक्षतमा ७ सदस्यीय समिति गठन भएको हो ।

गठित समितिको उपाध्यक्षमा जितेन्द्र प्रसाद चौधरी, सचिवमा रामनाथ चौधरी, सहसचिवमा राधा कुमार चौधरी र कोषाध्यक्षमा रन्जना चौधरी चयन भएका छन् ।

यस्तै सदस्यहरुमा शम्भु चौधरी र अनिता चौधरी चयन भएका छन् । यसैगरि अधिवेशनले बृजमान तामाङ, प्रियासिंह थारु, डम्बर राई र रामबहादुर चौधरीलाई सल्लाहकारमा चयन गरेको छ ।

यसअघि अधिवेशनको उद्घाटन सत्रका प्रमुख अतिथि प्रदेश २ का अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले नयाँ संरचनामा काम गर्न सजिलो नभएको बताएका छन् । उनले पहिलो चौमासिक सकिन लाग्दा खर्च भने कुल बजेटको १० प्रतिशत मात्र भएको भन्दै चालुमा ८ र पुँजिगतमा २ कर्मचारी मात्र रहेकोले यस्तो अवस्था सृजना भएको बताए । पत्रकार जगतलाई सुदृढिकरण गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उनको भनाई थियो ।

जनजाती पत्रकार महासंघककी अध्यक्ष प्रिया सिंह थारुको अध्यक्षता आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरी अध्यक्ष श्रवण देव, आम सञ्चार प्राधिकरण प्रदेश २ का अध्यक्ष श्यामसुन्दर यादव, जसपाका नेता विनोद चौधरी, थारु कल्याणकारी सभा सप्तरीका अध्यक्ष शिवनारायण थारु, पत्रकार मनोहर पोखरेल, आदिवासी जनजाति महासंघ सप्तरीका पूर्वअध्यक्ष बृजमान तमाङ्ग, जसपा मधेस प्रदेश २ समितिका उपाध्यक्ष शम्भु झा, रुपनी गापा अध्यक्ष हरेराम यादव लगाएकाले मन्तब्य ब्यक्त गरेका थिए ।

# एक सभापति, एक सह-महामन्त्रीसहित ५२ केन्द्रीय सदस्यले लिए उम्मेदवारी फिर्ता

काठमाडौं, २६ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसको १४औं महाधिवेशनअर्न्तगत सभापतिमा मनोनयन दर्ता गराउनुभएका युवराज न्यौपानेले आइतबार आफ्नो उम्मेदवारी फिर्ता लिनुभएको छ । उहाँले डा शेखर कोइराला समूहलाई सहयोग गर्ने गरी आफूले उम्मेदवारी फिर्ता लिने जनाउनुभएको छ ।

त्यस्तै सह-महामन्त्रीमा मनोनयन दर्ता गराउनुभएका सुरेन्द्रप्रसाद चौधरीले पनि आफ्नो उम्मेदवारी फिर्ता लिनुभएको पार्टीको केन्द्रीय निर्वाचन समितिले जनाएको छ । समितिका अनुसार उम्मेदवारले मनोनयनपत्र फिर्ता लिइसक्नुपर्ने समय आइतबार मध्याह्न १२.३० बजेसम्म निर्धारण गरिएको थियो ।

***बाँकी दुई पृष्ठमा***

# दुई केन्द्रीय सदस्य देउवा समूहबाट निर्विरोध

काठमाडौं, २६ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसको १४औं महाधिवेशनअर्न्तगत सुरु भएको निर्वाचन प्रक्रियामा केन्द्रीय सदस्यमा दुई जना निर्विरोध निर्वाचित हुनुभएको छ । विजयको पहिलो खाता खोल्दै प्रदेश नं २ बाट केन्द्रीय सदस्यमा रमेश रिजाल र आनन्द ढुङ्गाना निर्विरोध निर्वाचित हुनुभएको हो ।

प्रदेशमा एक महिलासहित तीन केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्था छ । उहाँहरू दुवै जनाले शेरबहादुर देउवाको समूहबाट उम्मेदवारी दिनुभएको थियो । रिजाल पर्सा जिल्ला र ढुङ्गाना धनुषा जिल्लावासी हुनुहुन्छ । प्रदेश नं २ मा सो समूहबाट महिला सदस्यमा चित्रलेखा यादवले उम्मेदवारी दिनुभएको छ ।




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# पदाधिकारीहरु जिम्मेवार बन्

मुलुकका विभिन्न स्थानिय तहका अध्यक्ष तथा उपाध्यक्षबीच मतभेद हुने गरेको समाचार बारम्बार आउने गरेको छ । खासगरि पुरुष अध्यक्ष र महिला उपाध्यक्ष भएका स्थानियहरुमा यस्ता मतभेद निकै रहेको छ । स्थानिय तहमा अधिकांश अधिकार अध्यक्षलाई नै दिइएको छ भने केही अधिकार उपाध्यक्षमा निहित छ । उपाध्यक्षलाई न्यायिक समितिको जिम्मेवारीका साथै विभिन्न विकासीय कार्यको अनुगमनको जिम्मा पनि दिइएको छ । तर अध्यक्षलाई यी दुई बाहेक सम्पूर्ण अधिकार हुन्छ । उपाध्यक्षलाई दिइएको अधिकार एउटा सम्मानका लागि मात्र दिइएको जस्तो छ । हुनत यी दुई अधिकारलाई उपाध्यक्षले राम्रोसँग सदुपयोग गर्न सके सम्मान हुने अवसर पनि हो ।

यता अध्यक्षले स्थानिय तहको विकासीय बजेटको परिचालन देखी लिएर जनसम्पर्कका कार्यहरु पनि गर्ने गर्छन् । यस्तै विषयहरुमा अध्यक्ष र उपाध्यक्षबीच अधिकांश मतभेद देखिन्छ । यसको जल्दोबल्दो उदाहरणको सप्तरीको छिन्नमस्ता गाउँपालिकाको । हालै यो गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षबीच यस्तै विषयमा झडप नै पऱ्यो । जसकारण अध्यक्षको दुई वटा दात नै भाचिएको छ । यस्ता घटनाका कारण मुलुकभरिकै स्थानिय तहलाई स्तब्ध तुल्याएको छ । यस्ता घटना हुनु कसको कमजोरी छ । यो एउटा सोचनिय विषय बनेको छ जनमानसमा । यस्ता घटनाप्रति सम्पूर्ण स्थानियले गम्भिरतापूवर्क सोच्नु पर्ने बेला आएको छ ।

यस्तो घटना हुन नदिन सम्पूर्ण स्थानिय तहले जिम्मेवार भई सच्याउनेतर्फ अग्रसर हुनुपर्छ । होइन भने बारम्बार यस्ता घटना हुन्छ भन्ने कुरा नर्कान सकिन्न् । तसर्थ सबै स्थानिय तहका पदाधिकारी आफू जिम्मेवार भई प्रस्तुत हुनु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कांग्रेस १४ औं महाधिवेशन : मत माग्न व्यस्त नेता तथा कार्यकर्ता

काठमाडौं, २६ मङ्सिर (रासस) । नेपाली कांग्रेसको १४औं महाधिवेशनमा आफ्ना नेतालाई निर्वाचन जिताउनका लागि शुभचिन्तक मत माग्नलाई व्यस्त छन् । शुक्रबारै पार्टीको उद्घाटन सत्र र बन्दसत्र सकाएको कांग्रेसले आइतबारदेखि उम्मेदवारको मनोनयन दर्ता सुरु गरेसँगै आफ्ना नेताको पक्षमा माहोल निर्माण गर्न मत माग्न कार्यकर्ता व्यस्त छन् ।

पार्टीको निर्वाचनस्थल बाहिर पद्यमोदय सडक तथा भृकुटीमण्डपभित्र आफ्ना नेताका पक्षमा भोट माग्नका लागि नेता तथा कार्यकर्ता बिहानदेखि नै व्यस्त छन् । उनीहरू नेताको व्यानर,'स्ट्याचु' र श्रव्य सामग्री सुनाएर भोट मागिरहेका छन् ।

भोट माग्ने कार्यकर्ताका कारण भृकुटीमण्डप क्षेत्र वरपर भीडभाड भएको छ । यस्तै आफ्नो पक्षमा मत पार्नका लागि नेताले होर्डिङ बोर्डलाई प्राथमिकता दिएका छन् । काठमाडौंका विभिन्न प्रमुख सडक, निर्वाचन क्षेत्र वरपर र महाधिवेशन प्रतिनिधि बस्दै आएको होटलसम्म उम्मेदवारको होर्डिङ बोर्ड राखिएका छन् । यस्तै आफ्ना नेताका नाममा टोपी, टिसर्ट, जकेट, पानीका बोतल, कलमलगायका सामग्री बनाएर प्रचारप्रसार गरिरहेका छन् ।

महाधिवेशनका लागि वर्तमान सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, उपसभापति विमलेन्द्र निधि, पूर्वमहामन्त्री प्रकाशमान सिंह, केन्द्रीय सदस्य डा शेखर कोइराला, केन्द्रीय सदस्य कल्याणकुमार गुरुङ र महाधिवेशन प्रतिनिधि युवराज न्यौपानेले उम्मेदवारी दिनुभएको छ ।

सभापतिका उम्मेदवार देउवा र डा कोइरालाले प्यानलै बनाएर उम्मेदवारी दिनुभएको छ भने निधि, सिंह, गुरुङ र न्यौपानेले पूरा प्यानल बनाउनुभएको छैन । उम्मेदवार मनोनयन दर्ता, उम्मेदवारी मनोनयन दर्ताउपर दाबी विरोध र जाँचबुझ, दाबी विरोधउपर निर्णय र उम्मेदवारको पहिलो नामावली प्रकाशन शनिबारै गरिसकिएको छ । यस्तै मनोनयनपत्र फिर्ता लिइसक्नुपर्ने समय आइतबार बिहान ११ बजेसम्म, उम्मेदवारको अन्तिम नामावली प्रकाशन दिउँसो १२:१५ बजे र मतदान मङ्सिर २७ गते बिहान ८ बजेदेखि हुने समितिका संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो ।

मतदान भने भृकुटीमण्डप र राष्ट्रियसभा गृहमा हुनेछ । मतदानमा २९ किसिमका मतपत्र हुनेछन् भने उम्मेदवारको सङ्ख्या र पदअनुसारका आकार र रङका मतपत्रको व्यवस्था गरिनेछ । महाधिवेशनमा इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग गर्नेबारेमा छलफल भए पनि अन्ततः कागजको मतपत्रमा नै मतदान हुने भएको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारीमध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री, आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ । कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्यमध्येबाट निर्वाचित हुने व्यवस्था छ ।

यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाति १५, खस/आर्य १३, मधेसी नौ, थारू चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यकबाट एक, अपाङ्बाट एक सदस्य गरी कूल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने विधानको व्यवस्था छ । यसबाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनित गर्ने विधानमा उल्लेख छ ।

# एमालेद्वारा पोटिलब्यूरो चयन

भक्तपुर, २६ मङ्सिर (रासस) । नेकपा (एमाले)ले पोलिटब्यूरो सदस्य चयन गर्नुका साथै केन्द्रीय सदस्यमा मनोनित गरेको छ । आइतबार बसेको दोस्रो केन्द्रीय कमिटीको बैठकले सातै प्रदेशको प्रदेश कमिटी गठनसमेत गरेको छ ।

केन्द्रीय कमिटी बैठकले ८० सदस्यीय पोलिटब्यूरो गठन गरेको केन्द्रीय सदस्य महेश बस्नेतले जानकारी दिनुभयो । बैठकले पोलिटब्यूरो सदस्यमा घनश्याम भुसाल, गुरु बराल, देवराज घिमिरे, भीम आचार्य, लालबाबु पण्डित, खगराज अधिकारी, किरण गुरुङ, काशीनाथ अधिकारी, रघुजी पन्त, भानभुक्त ढकाल, मणि थापा, शेरधन राई, कृष्णगोपाल श्रेष्ठ, यमलाल कँडेल, अग्नि खरेल, शम्भू साह, राजन भट्टराई, सीता पौडेल, विन्दा पाण्डे, गोरखबहादुर बोगटी, कर्ण थापा, राजेन्द्र गौतम, थममाया थापा र शेरबहादुर तामाङ चयन गरेको केन्द्रीय सदस्य महेश जानकारी दिनुभयो ।

त्यसैगरी काशीनाथ अधिकारी, हिक्मत कार्की, गोकुल बाँस्कोटा, महेश बस्नेत, अरुण नेपाल, देवी ज्ञवाली, परशुराम मेघी गुरुङ, पुरुषोत्तम पौडेल, आनन्द पोखरेल, लीला गिरी, जगत विक, कमल चौलागाई, बालकृष्ण ढुङ्गेल, ईश्वरबहादुर रिजाल, जीतु गौतम, विनोद श्रेष्ठ, सुमन प्याकुरेल, भैरवसुन्दर श्रेष्ठ, रामदयाल मण्डल, दलबहादुर राना, गोकुल घर्ती, बैजनाथ चौधरी, टुकराज सिग्देल र लिलानाथ श्रेष्ठलाई चयन गरेको छ ।

बैठकले खेममान खड्का, राजेन्द्र रावल, नारदमुनी राना, सूर्य थापा, मना केसी, सुशीला नेपाल, पार्वत गुरुङ, लिलबहादुर थापा मगर, सुजिता शाक्य, ज्वालाकुमारी साह, मोहन बाँनिया, मञ्जु चौधरी, अच्यूत मैनाली, बिशाल भट्टराई, गणेश ठगुन्ना, खिमलाल भट्टराई, दधिराम न्यौपाने, देवेन्द्र दाहाल, रामेश्वर फूँयाल, ठाकूर गैर, तिलक मेन्यांवो, जुली कुमारी महतो, गौरी ओली, निरुदेवी पाल, बिमला घिमिरे, लिलाकुमारी भण्डारी, शान्ता चौधरी, सीता गिरी ओली, नरुलाल चौधरी, कृष्णबहादुर राई, गुलाबजङ्ग शाह र लक्ष्मी पोखरेललाई चयन गरिएको केन्द्रीय सदस्य बस्नेतले जानकारी दिनुभयो ।

त्यसैगरी बैठकले २९ जना पुरुष र १४ जना महिलासहित ४४ जनालाई केन्द्रीय सदस्यमा मनोनित गरेको छ । मनोनित हुनेमा दल फडेरा, मानबीर राई, एन महर, चन्द्रमोहन श्रेष्ठ, रतननाथ योगी, रमेश पौडेल, पदम गिरी, सूर्य पाठक, यज्ञ बोगटी, हरि घिमिरे, युवराज बास्कोटा, विशाल भट्टराई, उद्धव रेग्मी, बद्री न्यौपाने, रुपनारायण श्रेष्ठ, प्रेम दङ्गाल, हरिकृष्ण ब्यञ्जनकार, सुवास देवकोटा, भिम केसी, लालबाबु पण्डितलाई मनोनित गरिएको केन्द्रीय सदस्य बस्नेतले जानकारी दिनुभयो ।

एकता प्रक्रियाबाट आएकामध्ये चन्द्रमोहन गौतम, रेशम लामा, दुर्गा प्रसाईं, चुडा तामाङ, कृष्ण केसी, गोविन्द दुलाल, सहदेव बोगटी, कालसिं काउचा, विषमलाल अधिकारीलाई केन्द्रीय सदस्यमा मनोनित गरिएको छ । महिलातर्फ इन्दिरादेवी गौतम, सरस्वती चौधरी, यमुना रोक्का, उमा कोइराला, कल्पना चापागाईं, आशा विक, नैनकला पुर्जा, मञ्जु गुरुङ, विमला अर्याल, इन्दिरा सञ्याल, गीता कार्की, शान्ति अधिकारी, सरिता बराल, तारादेवी गुरुङ र रुक्मणि रानालाई मनोनित गरिएको छ ।

त्यसैगरी एमालेले सातवटै प्रदेश कमिटीमा पदाधिकारी चयन गरेको छ । एमाले केन्द्रीय कमिटी बैठकले सात वटै प्रदेशको नेतृत्व परिवर्तन गर्दै नयाँ कार्य समिति चयन गरेको छ । प्रदेशमा प्रदेश अध्यक्ष पदेन केन्द्रीय सदस्य रहने गरी एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव, महिलासहित दुई उपसचिव रहेको प्रदेश कमिटी गठन गरेको केन्द्रीय सदस्य बस्नेतले जानकारी दिनुभयो ।

जसमा अनुसार प्रदेश नं १ मा अध्यक्षमा तुलसी न्यौपाने, उपाध्यक्षमा टीका चेम्जोङ, सचिवमा चिन्तन पाठक, उपसचिवमा धन तामाङ र शैलेश लामा चयन भएका छन् । प्रदेश नं २ को अध्यक्षमा रामअवतार यादव, उपाध्यक्षमा रेवती पन्त, सचिवमा डा कृष्ण पौडेल, उपसचिवमा फर्मुद नदाव र आरती भण्डारी चयन हुनुभएको छ ।

त्यस्तै वाग्मती प्रदेशको अध्यक्षमा केशवराज पाण्डे, उपाध्यक्षमा रामहरि सुवेदी, सचिवमा विजय सुवेदी, उपसचिवमा महेश बतौला र रत्न गुरूङ चयान हुनुभएको छ । गण्डकी प्रदेश अध्यक्षमा नवराज शर्मा, उपाध्यक्षमा मोहन रेग्मी, सचिवमा धनन्जय दवाडी, उपसचिवमा मञ्जु अधिकारी र रश्मी आचार्य चयन हुनुभएको छ । लुम्बिनी प्रदेशमा अध्यक्षमा राधाकृष्ण कँडेल, उपाध्यक्षमा भोजप्रसाद श्रेष्ठ, सचिवमा लक्ष्मण आचार्य, उपसचिवमा लीला राना र दुर्गा थारू चयन गरिएको छ ।

बैठकले कर्णाली प्रदेश अध्यक्ष विनोद शाह, उपाध्यक्षमा लालबहादुर महतारा, सचिवमा कमल शाही, उपसचिवमा रूपा शाही र टेकराज पछाईं चयन भएका छन् । सुदूरपश्चिम प्रदेशको अध्यक्ष दामोदर भण्डारी, उपाध्यक्षमा कमल तिमल्सिना, सचिवमा धर्मराज पाठक, उपसचिवमा बलदेव रेग्मी र भगिरथी विष्ट चयन हुनु भएको छ । उपत्यका विशेष अध्यक्षमा प्रेमकुमार पराजुली, उपाध्यक्षमा विदुर कार्की, सचिवमा समिर नेपाल, उपसचिवमा चन्द्र रिजाल र उर्मिला सुनुवार चयन भएको केस बस्नेतले जानकारी दिनुभयो ।

प्रदेश सङ्गठन कमिटी आगामी माघ ८ गतेसम्मका लागि चयन गरिएको र यही कमिटीले नयाँ नेतृत्व चयन गर्ने गरी जिम्मेवारी प्रदान गरिएको बताइएको छ । आइतबारकै बैठकले चयन भएका पोलिटब्यूरो सदस्य मध्येबाटै स्थायी कमिटी सदस्य चयन गर्ने भएको छ ।

### एक सभापति, एक...

अहिलेसम्म सभापतिमा एक र सह-महामन्त्रीमा एकसहित केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका ५२ जनाले आफ्ना नाम फिर्ता लिइसक्नुभएको छ भने अझै केहीको नाम फिर्ता हुनसक्ने बताइएको छ । महाधिवेशनमा ६ जना सभापतिसहित ३९ जनाको पदाधिकारीमा उम्मेदवारी परेको थियो भने ४९९ जनाले केन्द्रीय सदस्यमा उम्मेदवारी दिनुभएको थियो । नाम फिर्ता लिने क्रम समाप्त भएपछि आइतबारै उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ । मतदान मङ्सिर २७ गते बिहान ८ बजेदेखि हुने निर्वाचन कार्यक्रम रहेको छ ।

यसअघि शनिबार उम्मेदवार मनोनयन दर्ता बिहान १० देखि साँझ ५ बजेसम्म भएका थियो । उम्मेदवारी मनोनयन दर्ताउपर दाबी विरोध र जाँचबुझ शनिबार साँझ ५ देखि ७ बजेसम्म र दाबी विरोधउपर निर्णय साँझ ७ देखि ९ बजेसम्म गरी समितिले उम्मेदवारको पहिलो नामावली प्रकाशन मङ्सिर २५ गते राति ९ देखि १२ बजेसम्म प्रकाशन गरेको थियो ।

# धनुषामा रासायनिक मलको अभाव, दिनभर डिलरमा कुरेर बस्छन् किसान

राजु विश्वकर्मा
जनकपुर, २६ मङ्सिर (रासस)।
धनुषाका किसान यतिबेला गहुँको बीउ छर्ने बेलामा रायासनिक मल नपाएर समस्यामा परेका छन्। मल नपाउँदा गहुँको उत्पादन न्यून हुने हो की भन्ने चिन्तामा उनीहरू छन्।

जनकपुरधाम उपमहानगरपालिका-१० का किसान रोहित साह नजिकैको डिलरमा मल खरिद गर्न गए तर पाउनु भएन्। दुई दिनसम्म डिलरमा धाउँदासमेत मल नपाएपछि उहाँ निराश भएर रितो हात घर फर्किनुभयो। ''गहुँको बीउ छर्ने बेला मल चाहिएपछि डिलर धाउँदासमेत एक बोरा मल पाइएन", उहाँले भन्नुभयो, ''धानको सिजनमा जसोतसो मल पाइएको थिएँ, अहिले त मल नै पाइएन। डिलरहरू चहार्दाचहार्दै निराश बनेको छु।" गहुँको बीउ छर्ने बेलामा मल नपाएपछि यसको उत्पादन न्यून हुने चिन्तामा यहाँको किसान रहेको उहाँको भनाइ छ।

धानबाली भित्र्याएर गहुँ छर्ने तयारीमा रहेका धनुषाको औरही गाउँपालिका-४ का शत्रुधन यादव पनि मल नपाएपछि निराश बन्नु भएको छ। ''मलका लागि गाउँको डिलरदेखि जनकपुरधामस्थित कृषि सामग्री कम्पनी लिमिटेडको कार्यालयसम्म धाएँ तर मल पाउन सकिन्", उहाँले भन्नुभयो, ''कृषि सामग्री कम्पनीको कार्यालयमा जाँदा गाउँको डिलरमा जानु भन्छ, डिलरमा जाँदा मल आएको छैन भन्छन्।" मल नपाएपछि गहुँबाली लगाउनै समस्या भएको उहाँको भनाइ छ।

यो समस्या रोहित र शत्रुधनको मात्र होइन, धनुषा र महोत्तरीका अधिकांश किसानको समस्या हो। धानबाली भित्र्याएपछि गहुँबाली लगाउने तयारीमा जुटेका किसान समयमा प्रयाप्त मल नपाएपछि निराश बनेका हुन्। धनुषा र महोत्तरीलगायत प्रदेश नं २ का प्रायः सबै जिल्लामा धानबाली पछि गहुँबाली लगाउने गरेका छन्। तर समयमा मागअनुसारको मल नपाउँदा किसानहरू वर्षेनी मार खेप्दै आएका छन्।

कूल ७५ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये धनुषामा करिब ४० हजार हेक्टर क्षेत्रफलमा गहुँखेती हुँदै आएको कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख शङ्करप्रसाद साहले बताउनुभयो। अधिकांश खेतीयोग्य जग्गामा धान काटीसकेको र गहुँबाली लगाउने बेला भइसके पनि समयमा मलखाद्य नपाउँदा किसान मारमा परेको उहाँको भनाइ छ। जनकपुरस्थित कृषि सामग्री कम्पनी लिमिटेडमा वर्षेनी डीएपी र युरिया मलको आपूर्ति घट्दै गएपछि किसानले ठूलो मार खेप्दै आएका छन्।

धनुषामा वर्षेनी रासायनिक मलको माग बढ्दै जाने तर आपूर्ति भने घट्दै जान थालेपछि यस्तो अवस्था आएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुर धनुषाका प्रमुख रामकुमार चौधरीले बताउनुभयो। एकातिर धनुषामा रासायनिक मलको माग बढ्दै गएको छ भन्ने अर्कोतिर जिल्लामा रासायनिक मल बिक्री वितरण गर्दै आएको कृषि सामग्री कम्पनी धनुषामा वर्षेनी मलको आपूर्ति घट्दै गएको छ।

केन्द्रले चालु आर्थिक वर्षमा धनुषाका लागि पाँच हजार मेट्रिक टन युरिया र चार हजार ५०० मेट्रिक टन डीएपी मलको लक्ष्य तोके पनि हालसम्म दुई हजार ९०५ मेट्रिक टन युरिया र एक हजार ६२७ मेट्रिक टन डीएपी प्राप्त भएको प्रमुख चौधरीले बताउनुभयो। तीमध्ये दुई हजार ३५० मेट्रिक टन युरिया, एक हजार ५८५ मेट्रिक टन डीएपी बिक्री भइसकेको छ। हाल ५५५ मेट्रिक टन युरिया र ४२ मेट्रिक टन डीएपी गोदाममा रहेको प्रमुख चौधरीले जानकारी दिनुभयो।

उहाँका अनुसार गत आर्थिक वर्ष ०७७/०७८ मा छ हजार मेट्रिक टन युरिया र पाँच हजार मेट्रिक टन डीएपी मल माग गरेकोमा युरिया तीन हजार २०० र डीएपी चार हजार ५०० मेट्रिक टन मात्र आपूर्ति भएको थियो। आर्थिक वर्ष ०७७/०७८ मा भन्दा चालु आर्थिक वर्षमा रासायनिक मलको कोटा कम गरे पनि त्यस बमोजिम आपूर्ति नभएको प्रमुख चौधरीको भनाइ छ। यसवर्षको गहुँ सिजनका लागि तीन हजार मेट्रिक टन डीएपी र चार हजार मेट्रिक टन युरिया मलको माग गरे पनि ६२७ मेट्रिक टन डीएपी र ९०५ मेट्रिक टन युरिया मात्र उपलब्ध भएकाले सबै किसानलाई मल उपलब्ध गराउन समस्या भएको उहाँले बताउनुभयो।

कृषि सामग्री कम्पनी केन्द्रीय कार्यालयबाट मल आएपछि कोटा निर्धारण गरी स्थानीय तहमा रहेको सहकारी संस्थाका डिलरहरू मार्फत किसानलाई मल वितरण गर्दै आएको जनाएको छ। "हामीलाई जति मल प्राप्त भएको छ, त्यसलाई कोटा बमोजिम स्थानीय तहको सिफारिसमा वितरण गर्दै आएका छौँ", प्रमुख चौधरीले भन्नुभयो," मल आए लगतै बिक्री वितरण सुरु गरेका छौँ, तर मागबमोजिम मल उपलब्ध गराउन नसकिएकाले सबै किसानले पाउने अवस्था छैन।" बाली सघनता र खेतीयोग्य क्षेत्रफलको आधारमा स्थानीय तहलाई मलखाद्यको कोटा निर्धारण गरी स्थानीय तहको सिफारिसका आधारमा सहकारी संस्थाका डिलरहरूलाई मलखाद्य वितरण गर्दै आएको प्रमुख चौधरीको भनाइ छ।

डीएपी र युरिया मलको वर्षेनी आपूर्ति कम भएपछि कृषि सामग्री कम्पनी लहानले झन्डै आधा मूल्य बराबरको रासायनिक मल मात्र बिक्री गरेको छ। गहुँबाली लगाउने बेला भएकाले युरिया र डीएपी मलको माग बढे पनि अन्तर्राष्ट्रिय बजारमा भएको मुल्यवृद्धि, ढुवानी आपूर्तिको समस्या, मलको अनियन्त्रित प्रयोग र भारतीय सीमा नाकामा भएको कडाइलगायतका कारण सिरहामा युरिया र डीएपी मलको आभाव हुने गरेको उहाँले बताउनुभयो। डीएपी र युरिया मलको माग बढेकाले आपूर्तिका लागि केन्द्रमा पटकपटक पत्राचार गरे पनि वर्षेनी आपूर्ति घट्दै गएकाले समस्या परेको प्रमुख चौधरीको भनाइ छ।

# कांग्रेस महाधिवेशनमा तीन मतदान केन्द्र र एघार सय बुथ

काठमाडौँ, २६ मङ्सिर (रासस)।
नेपाली कांग्रेसको १४औँ महाअधिवेशन अन्तर्गत सोमबार हुने निर्वाचनका लागि तीन स्थानमा मतदान केन्द्र स्थापना गरिएको छ। यसैगरी एक हजार १०० बुथमार्फत मतदान गर्ने व्यवस्था मिलाइएको छ।

मतदाताको सङ्ख्या बढी भएपछि निर्वाचन समितिले तीन स्थानमा मतदान केन्द्र स्थापना गरेको महाधिवेशन मिडिया सेन्टरका संयोजक डा सुरेश आचार्यले जानकारी दिनुभयो। महाधिवेशनस्थल राष्ट्रियसभागृहमा पार्टी केन्द्रीय कार्यसमिति, जनसम्पर्क समिति, भातृ/शुभेच्छुक सङ्घसंस्था, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका मतदाताका लागि मतदान गर्ने व्यवस्था तोकिएको छ।

त्यसैगरी भृकुटीमण्डपको प्राङ्गणमा प्रदेश नं २ र गण्डकी प्रदेशका मतदाताका लागि मतदान गर्ने व्यवस्था गरिएको छ। भृकुटीमण्डपको हलमा भने प्रदेश नं १, वाग्मती र सुदूरपश्चिम प्रदेशका महाधिवेशन प्रतिनिधिका लागि मतदान गर्ने व्यवस्था मिलाइएको पार्टीको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। निर्वाचनमा २९ प्रकारका मतपत्रको व्यवस्था गरिएको छ भने सबै मतपत्रका लागि अलग-अलग मतपेटिकाको व्यवस्था गरिएको समितिले जनाएको छ।

मतदान गर्नका लागि राष्ट्रिय सभागृहमा २९३, भृकुटीमण्डप प्राङ्गणमा २९३ बुथ र भृकुटीमण्डपको हलमा ५१४ बुथ राखिने भएको छ। मतदान सोमबार बिहान ८ देखि ५ बजेसम्म हुनेछ। महाधिवेशनमा इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग गर्ने बारेमा छलफल भए पनि अन्ततः कागजको मतपत्रमा नै मतदान हुने भएको छ।

कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारीमध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री, आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ। कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्यमध्येबाट निर्वाचित हुने व्यवस्था छ।

यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाती १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यकबाट एक, अपाङ्गबाट एक सदस्य गरी कूल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने विधानको व्यवस्था छ। यस बाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनित गर्ने विधानमा उल्लेख छ।

पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने विधानको व्यवस्था छ। यस महाधिवेशनमा महाधिवेशन प्रतिनिधिको सङ्ख्या जम्मा चार हजार ७४३ कायम रहेको छ। पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार १६५ सङ्घीय निर्वाचन क्षेत्र, भ्रातृ तथा शुभेच्छुक संस्था र विदेशस्थित जनसम्पर्कबाट गरी उक्त सङ्ख्यामा महाधिवेशन प्रतिनिधि चयन हुनुभएको हो।

## विश्व समाचार

### साउदी अरेबियाको सेनाको हवाई कारबाहीमा १९० हुथी विद्रोहीको मृत्यु

रियाद, २६ मङ्सिर (रासस/सिन्ह्वा)।
यमनको मध्य क्षेत्रीय प्रान्त मारिब र यससँगैको अर्को प्रान्तमा शनिबार साउदी अरेबिया नेतृत्वको सैन्य समूहले हवाई कारबाही जारी राखेको बताइएको छ।

प्राप्त समाचारअनुसार उक्त सेनाले गरेको कारबाहीका क्रममा कम्तीमा पनि १९० जना हुथी विद्रोहीको ज्यान गएको साउदी अरेबियाको सरकारी प्रेसले जनाएको छ।

यहाँ १९० जना मारिएका र अरु कैयौं घाइते भएका यमनको सरकारी सेनाले पनि शनिबार राति पुष्टी गरेको जानकारी दिएका छन्।

यमनमा साउदी अरेबियाको नेतृत्वमा रहेको सेनाले विगतदेखि नै हुथीका विरुद्धमा कारबाही गर्दै आएको छ। उक्त सैन्य समूहमा यमनी सेना पनि रहने गर्दछन्। मारिब क्षेत्रमा ठूलो सङ्ख्यामा हुथी विद्रोही रहेको सूचनाको आधारमा सो आक्रमण गरेको थियो।

साउदी प्रेसका अनुसार यहाँको सेनाले शनिबार गएको २४ घन्टाभित्रमा कम्तीमा पनि ३६ ओटा साना ठूला आक्रमण गरेको पाइएको छ।

उक्त हवाई आक्रमणमा १९० जना हुथी विद्रोही मारिएका र त्यस कारबाहीका क्रममा अरु केही घाइते भएका पनि बताइएको छ।

शनिबारको सो आक्रमणका क्रममा हुथी विद्रोहीका कम्तीमा पनि २० ओटा आश्रयस्थल नै ध्वस्त पारिदिएको बताइएको छ।

उक्त प्रान्तमा यसअघि पनि समयसमयमा साउदी अरेबियाको नेतृत्वको सेनाले हमला गर्ने गरेको पनि बताइएको समाचारमा उल्लेख गरिएको छ।

साउदी अरेबियाले इरान समर्थित हुथी विद्रोहीविरुद्ध सन् २०१४ देखि हवाई आक्रमण गरिरहेको छ। यमनको गृहयुद्धका कारण हजारौँको ज्यान गइसकेको छ भने लाखौं विस्थापित छन्।

यस पछिल्लो कारबाहीका क्रममा हुथीले प्रयोग गर्ने गरेका केही शक्तिशाली हतियार पनि पक्राउ गरिएको समाचारमा जनाइएको छ।

### बङ्गलादेशमा पनि भेटियो ओमिक्रोन भाइरस

ढाका २६ मङ्सिर (रासस/सिन्ह्वा)।
बङ्गलादेशमा पनि कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन भेरियन्ट फेला परेको छ। शनिबार यहाँको सरकारले नयाँ भेरियन्टका सङ्क्रमित भेटिएका जनाएको छ।

यहाँका स्वास्थ्यमन्त्री जाहिद मलेकले शनिबार सो कुराका जानकारी दिनुभएको हो। उहाँले दुई जनामा यो सङ्क्रमण पाइएको जानकरी दिनुभयो।

उहाँका अनुसार यहाँको क्रिकेट टिमका दुई क्रिकेटरमा सो सङ्क्रमण भेटिएको जनाएको छ। स्वास्थ्यमन्त्री मलेकले ती दुई खेलाडी हालै जिम्बाबेबाट आएका थिए। उनीहरुको स्वास्थ्य परीक्षणका क्रममा सो भेरियन्ट देखिएको बताइएको हो।

यसअघि भारतका नयाँ दिल्ली र कर्नाटक राज्यका केही नागरिकमा कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट फेला परेको थियो।

भारतमा सुरुका भेटिएका सङ्क्रमित ती व्यक्ति दक्षिण अफ्रिकाबाट आएका यात्रु रहेको बताइएको थियो। यो ओमिक्रोन भेरियन्ट विश्वका कैयौं मुलुकमा फैलिएको छ।

### भारतमा थप ८ हजार ५०३ कोरोना संक्रमित

नयाँदिल्ली, २६ मङ्सिर (रासस/एएनआइ)।
भारतमा गत २४ घण्टामा सात हजार ७७४ जनामा कोरोना सङ्क्रमण देखापरेको छ। भारतमा अझै पनि ९२ हजार २२८ जना सक्रिय सङ्क्रमित रहेका आइतबार जनाइएको छ।

यसै अवधीमा कोरोना सङ्क्रमणबाट ३०६ को मृत्यु भएपछि कोरोना शुरु भएबाट हालसम्म चार लाख ७५ हजार ४३४ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार जानकारी दिएको छ।

गएको २४ घण्टामा भारतमा आठ हजार ४६४ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना शुरु भएयता हालसम्म तीन करोड ४१ लाख २२ हजार ७९५लाई कोरोनाको सङ्क्रमण निको भएका छन्। भारतमा कोरोना भाइरस निको हुने दर ९८.३६ प्रतिशत रहेको जनाइएको छ। यो सङ्ख्या सन् २०२० को मार्चपछि सबभन्दा बढी भएको सामाचारमा जनाइएको छ।

भारतमा कोरोना शुरु भएदेखि हालसम्म ६५ करोड ५८ लाख व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ३२ करोड ९३ लाख डोज खोप लगाइएको जनाइएको छ।

### भारतीय प्रधानमन्त्री मोदीको ट्वीटर एकाउन्ट छोटो समय ह्याक : कार्यालय

नयाँदिल्ली, २६ मङ्सिर (रासस-सिन्ह्वा)।
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको ट्विटर एकाउन्ट छोटो समय ह्याक भएको उहाँको कार्यालयले आइतबार विहान पुष्टि गरेको छ।

"प्रधानमन्त्री @narendramodiको ट्विटर ह्यान्डल छोटो समय ह्याक भएको र त्यसबाट प्रसारित कुनै पनि सन्देशलाई वेवास्ता गर्नुपर्ने जनाइएको छ। प्रम मोदीका दुई ट्विटर अकाउन्ट छन् - @narendramodi / @PMOIndia.

जहाँ @PMOIndia का ४५.४ मिलियन फलोअर्स छन्, भने @narendramodiका ७३.४ मिलियन भन्दाबढी फलोअर्स छन्।

भारतीय प्रधानमन्त्री प्रायःआफ्नो सरकारका प्रमुख घोषणा वा निर्णय प्रसारित गर्न ट्विटर प्रयोग गर्ने गर्नुहुन्छ।

# कांग्रेस नेतृत्वका लागि उम्मेदवारको अन्तिम नामावली सार्वजनिक

काठमाडौँ, २६ मङ्सिर (रासस)।

नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले १४औँ महाधिवेशनमा नेतृत्वको मतदानका लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरेको छ।

अन्तिम नामावलीअनुसार सभापतिमा शेरबहादुर देउवा, विमलेन्द्र निधि, प्रकाशमान सिंह, डा शेखर कोइराला र कल्याणकुमार गुरुङको उम्मेदवारी कायम छ। शनिबार सभापति पदमा उम्मेदवारी दिनुभएका गोरखाका महाधिवेशन प्रतिनिधि युवराज न्यौपानेले भने उम्मेदवारी फिर्ता लिनुभएको छ। पाँच जनामध्येबाट सभापतिमा एकजना निर्वाचित गर्नुपर्ने छ।

यसैगरी दुई जना उपसभापतिका लागि विजयकुमार गच्छदार, पूर्णबहादुर खड्का, महेश आचार्य, सुजाता कोइराला, डा चन्द्र भण्डारी, धनराज गुरुङ र दिव्यश्वरी शाह गरी सातै जनाको उम्मेदवारी कायमै छ।

दुई महामन्त्री पदका लागि छ जनाको उम्मेदवारी परेको छ। महामन्त्रीमा डा प्रकाशशरण महत, डा मीनेन्द्र रिजाल, विश्वप्रकाश शर्मा, गगनकुमार थापा, प्रदीप पौडेल र डा राजाराम कार्कीको उम्मेदवारी कायमै छ।

एक महिला सह-महामन्त्री पदमा कमला पन्त र डीना महालक्ष्मी उपाध्याय, दलित एक सह-महामन्त्री पदमा मानबहादुर विश्वकर्मा, जीवन परियार र गङ्गा सुनारको उम्मेदवारी परेको छ। आदिवासी जनजातितर्फ एक सहमहामन्त्री पदका लागि विकास लामा र भीष्मराज आङदाङवेको उम्मेदवारी कायमै छ। खस आर्यतर्फ एक सहमहामन्त्री पदका लागि देवराज चालिसे र किशोरसिंह राठौर दुई जना प्रतिस्पर्धामा हुनुहुन्छ।

मधेशीतर्फ एक सहमहामन्त्री पदमा रञ्जीत कर्ण, रामकृष्ण यादव र महेन्द्र यादवको उम्मेदवारी कायम छ। मुस्लिमतर्फ एक सहमहामन्त्री पदका लागि फरमुल्लाह मन्सुर र शेख वकीलको उम्मेदवारी छ। थारुतर्फ एक सहमहामन्त्री पदका लागि तेजुलाल चौधरी र उमाकान्त चौधरीको उम्मेदवारी छ। थारुतर्फबाट सहमहामन्त्री पदमा उम्मेदवारी दिनुभएका सुरेन्द्रप्रसाद चौधरीले उम्मेदवारी फिर्ता लिनुभएपछि दुई जनामात्र प्रतिस्पर्धामा कायम रहनुभएको हो।

पिछडिएको क्षेत्रबाट निर्वाचित हुने एक सहमहामन्त्री पदका लागि बद्रीप्रसाद पाण्डे, जीवनबहादुर शाही र चेतराज बजालको उम्मेदवारी पनि कायमै रहेको निर्वाचन समितिले जनाएको छ।

यस महाधिवेशनमा महाधिवेशन प्रतिनिधिको सङ्ख्या जम्मा चार हजार ७४३ कायम रहेको छ। पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार १६५ सङ्घीय निर्वाचन क्षेत्र, भ्रातृ तथा शुभेच्छुक संस्था र विदेशस्थित जनसम्पर्कबाट गरी उक्त सङ्ख्यामा महाधिवेशन प्रतिनिधि चयन हुनुभएको हो। यसअघि शुक्रबार भृकुटीमण्डपमा भव्य समारोहका बीच महाधिवेशनको उद्घाटन भएको थियो। शनिबार उम्मेदवारले मनोनय दर्ता गराउनुभएको हो। आइतबार उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएसँगै सोमबार बिहान ८ बजेदेखि मतदान हुने कार्यक्रम तय भएको छ।

---

### प्रदेशका २० जना...

गोमा आले, रोजी खत्री, पुष्पा फुयाल, शोभा आले, सृजना चौधरी, मोनिका साह, मधु राउत, बिमला मगर, मिना महतो बन्द प्रशिक्षणमा परेको प्रदेश २ क्रिकेट संघका सचिव आयुष श्रेष्ठले जानकारी दिएका छन।

छनोटमा परेका २० जना महिला खेलाडीले मंसिर २८ गते देखि ३० गतेसम्म राजबिराजमा संचालित हुने बन्द प्रशिक्षणवाट १५ जना महिला खेलाडीलाई छनोट गरिने छनोट समितिका संयोजक मुरतुजा हवारीले जानकारी दिए।

उक्त बन्द प्रशिक्षणबाट राष्ट्रिय खेलकुद परिषद कार्यक्रम अनुसार नेपाल क्रिकेट संघको आयोजनामा यही पुस ३ गते देखि प्रधानमन्त्री कप महिला टि ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउने छन्।

यसैगरी पुस २५ गते देखी प्रधानमन्त्री कप पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि पुस ३ गते देखि प्रदेश स्तरिय पुरूष क्रिकेट छनोट खेल राजबिराजमा हुने भएको छ।

प्रदेश २ स्तरिय खेलाडी छनोट प्रतियोगिताका लागि सप्तरीमा मंसिर २६ गते देखि २८ गते सम्म संचालन हुने छनोट अभ्यास खेलमा किर्तिमानी खेलाडी महबुव आलम सहित जिल्ला भरीका ४० जना खेलाडीहरूको सहभागिता रहेको सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादबले बताए।

---

## तिलाठी कोईलाडी गाउँपालिका

तिलाठी कोईलाडी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी,

प्रदेश नं. २, नेपाल

Email ID: tilathikoiladigp@gmail.com

प.सं. :- ०७८/०७९  मिति : २०७८।०८।२६

च.नं. :-

विषय : पदपूर्ति सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति : २०७८।०८।२७

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाअन्तर्गत विभिन्न सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरुमा माध्यमिक तथा निम्न माध्यमिक तहको शिक्षक दरबन्दी कम भई पठनपाठनमा समस्या भईरहेको हुँदा उक्त तहमा एक वर्षको लागि (कार्य सम्पादनको आधारमा पछि थप हुने गरी) करार सेवामा पदपूर्ति गर्नका लागि तपसील अनुसारको सूचना प्रकाशन गरिएको हुँदा योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ।

**तपसील**

| तह | माध्यमिक | | निम्न माध्यमिक | | |
|---|---|---|---|---|---|
| विज्ञापन नं. | ०१/०७८/०७९ | ०२/०७८/०७९ | ०४/०७८/०७९ | ०५/०७८/०७९ | ०६/०७८/०७९ |
| विषय | गणित/विज्ञान (भौतिक समूह) B.Sc. Physics | नेपाली | गणित/विज्ञान | अंग्रेजी | विज्ञान |
| संख्या | २ | १ | ३ | १ | २ |

**तह** : माध्यमिक र निम्नमाध्यमिक

**पद** : शिक्षण सहयोगी

**नियुक्तिको किसीम** : करार

**मासिक सुविधा** : माध्यमिकको हकमा रु.३५९९०।- र निम्न माध्यमिकको हकमा रु. २८२००।- मात्र

**शैक्षिक योग्यता**

**माध्यमिकको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको।

**निम्न माध्यमिकको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको।

**उमेर** : १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको।

**परीक्षा दस्तुर** : रु. ११००।-

**परीक्षाको किसीम** : लिखित तथा अन्तर्वार्ता(परीक्षा मिति पछि तोकिनेछ)

**पाठ्यक्रम** : शिक्षक सेवा आयोगले तोके बमोजिम

**दरखास्त दिने अन्तिम मिति** : २०७८/०९/१२ गतेसम्म। दरखास्त दिने अन्तिम मितिमा विदा पर्न गएमा भोलिपल्ट आवेदन दिन सकिनेछ।

**आवेदन बुझाउने स्थान** : तिलाठी कोइलाडी गाउँपालिका,शिक्षा शाखा।

**आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु** : आवेदन फारम साथ नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपीहरु, अध्यापन अनुमति पत्रको प्रतिलिपी

शिक्षण सहयोगी छनौट समिति
तिलाठी कोइलाडी गाउँपालिका

"आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र ब्यवहार परिवर्तन विकासको मूल आधार"

---

## प्रकृति सकिए जीवन सिद्धिन्छ ।

## त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं।

## वनजङ्गल,नदीनाला,पहाडपर्वत,जडीबुटी,जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

---

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*